# गोदावरी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
अत्तरिया, कैलाली

सुदूरपश्चिम प्रदेश, नेपाल

प.सं. : २०८२।८३ मिति:२०८२।०८।०१

च.नं. : १४६२

**विषय : १६ औं राष्ट्रपति रनिङ्ग शिल्ड सम्बन्धमा ।**

**श्री सामुदायिक र संस्थागत विद्यालय सबै,**
**गोदावरी नगरपालिका, कैलाली ।**

प्रस्तुत विषय सम्बन्धमा गोदावरी नगरपालिका राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता व्यवस्थापन तथा निर्देशन समितिको मिति २०८२-०८-०१ गते बसेको बैठकको निर्णयानुसार शैक्षिक सत्र २०८२ मा सञ्चालन हुने १६ औं राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता मिति २०८२-०८-१६ देखि २०८२-०८-१९ गते सम्म श्री दुर्गालक्ष्मी मा.वि. गोदावरी न.पा-२, अत्तरियामा सञ्चालन हुने व्यहोरा अनुरोध छ । राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता सञ्चालन निर्देशिका, २०७० (संशोधन सहित) को अनुसूची-४ मा भएको व्यवस्था बमोजिम तपसिल बमोजिमका खेलहरुका लागि मिति २०८२-०८-१० गते भित्र विद्यार्थी (खेलाडी) हरुको नामावली र खेलकुद शिक्षकको विवरण प्रतियोगिता सञ्चालन हुने विद्यालयमा उपलब्ध गराउन हुनसमेत अनुरोध छ ।

**तपसिल (खेलहरुको विवरण)**

१. **भलिबल :**(छात्र/छात्रा)

२. **कबड्डी :** (छात्र/छात्रा)

३. **एथ्लेटिक्स :**

**क) दौड (ट्र्याक) तर्फः**

छात्र: १०० मि, २०० मि, ४०० मि, ८०० मि, १५०० मि, ३००० मि, ४ " १०० मि. रिले, ४ " ४०० मि. रिले

छात्रा: १०० मि, २०० मि, ४०० मि, ८०० मि, १५०० मि, ३००० मि, ४ " १०० मि. रिले४ " ४०० मि. रिले

**ख) उफ्रने र फ्याँक्ने (फिल्ड) तर्फः**

छात्र:हाईजम्प, लङजम्प, त्रिपलजम्प, ज्याभलिङ थ्रो८०० ग्राम, सटफुट १२ पाउण्ड

छात्रा:हाईजम्प, लङजम्प, त्रिपलजम्प, ज्याभलिङ थ्रो ६०० ग्राम, सटफुट ८ पाउण्ड

४. **मार्शल आर्ट तर्फः**

**क. कराँते :** छात्र:U '४२ केजी, U '४७ केजी, U '५२ केजी, U '५७ केजी, U '६२ केजी, काता (एकल)
छात्रा: U '४० केजी, U '४५ केजी, U '५० केजी, U '५५केजी, U '६० केजी, काता (एकल)

**ख. तेक्वान्दो:** छात्र: U '४५ केजी, U '४८ केजी, U '५१ केजी, U '५५ केजी, U '५९ केजी र एकल पुम्से
छात्रा: U '४२ केजी, U '४४ केजी, U '४६ केजी, U '४९केजी, U '५२ केजी र एकल पुम्से

**ग. उसुः**

**थाओलु तर्फः**

छात्र: Chang Quan, Nan Quan and Taiji Quan

छात्रा:Chang Quan, Nan Quan and Taiji Quan

**सान्सौ तर्फः** छात्रः ४२ केजी, ४५ केजी, ४८ केजी
छात्राः ४२ केजी, ४५ केजी, ४८ केजी

..............................
प्रयागराज जोशी
शाखा अधिकृत

शाखा अधिकृत

फोन नं. ०९१-५०८०००/०९१-५०८००१/०९१-५०८००३
ई-मेलinfo@godawarimunkailali.gov.np
वेबसाइटhttps://godawarimunkailali.gov.np/
"आत्मनिर्भर सुन्दर समृद्ध गोदावरी"

# गोदावरी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
अत्तरिया, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

**पुनश्च:**

१. खेलाडी फाराम दर्ता अन्तिम मिति: २०८२/०८/१० कार्यालय समय भित्र प्रतियोगिता सञ्चालन हुने विद्यालयमा फाराम दर्ता गराइसक्नुपर्नेछ ।

२. खेलाडी विद्यार्थीको इमिसबाट विद्यार्थी परिचय पत्र र जन्म दर्ता प्रमाणपत्रको प्रतिलिपि प्रष्ट रुपमा देखिने गरी अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।

३. खेलाडी विद्यार्थीको फाराममा विद्यार्थी खेलाडीको फोटो सहित सम्बन्धित विद्यालयको प्र.अ. बाट प्रमाणित गरिएको हुनुपर्नेछ ।

४. एथ्लेटिक्स इभेन्ट्सका प्रत्येक खेलाडीले बढीमा १ फिल्ड र २ ट्र्याक वा १ ट्र्याक र २ फिल्ड इभेन्टमा भाग लिन पाउनेछ ।

५. रनिङ शिल्ड प्रतियोगितामा समावेश ६ विधाका खेलहरुमा सहभागिता जनाउने विद्यार्थी खेलाडीले आफू सहभागी विधा बाहेक अन्य विधामा सहभागिता जनाउन पाउने छैनन् ।

६. वि.सं. २०६४ साल मंसिर १७ वा सो पछि जन्म मिति भएका विद्यार्थी (खेलाडी) ले मात्रै प्रतियोगितामा सहभागिता पाउनेछन् ।

७. सहभागी हुन भर्नुपर्ने फाराम राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता सञ्चालन निर्देशिका, २०७० पाँचौं (संशोधन) सहितको अनुसूची-१ बमोजिमको ढाँचामा हुनुपर्नेछ ।

८. प्रत्येक खेलका लागि प्रत्येक खेलाडी (विद्यार्थी)को अलग-अलग सहभागी फाराम भरी पेश गर्नुपर्नेछ ।

९. खेल अवधिमा खेलाडीलाई निर्धारित समयमा उपस्थित गराउने काम सम्बन्धित विद्यालयको हुनेछ । खेलाडी विद्यार्थी समयमा उपस्थित नभएमा सम्बन्धित विद्यालय र खेलाडी जिम्मेबार हुनुपर्नेछ ।

१०. खेलकुद वा अन्य व्यवस्थापन सम्बन्धी जानकारी लिनका लागि विद्यालयले १ जना खेल प्रतिनिधि अनिवार्य रुपमा तोकी आयोजकलाई लिखित रुपमा जानकारी दिनुपर्नेछ ।

११. प्रतियोगिता सम्बन्धी अन्य व्यवस्था राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता सञ्चालन निर्देशिका, २०७० पाँचौं (संशोधन) सहितमा व्यवस्था भए बमोजिम हुनेछ ।

शाखा अधिकृत